काँक्रेविहार

Kankrebihar National Daily

कर्णाली प्रदेशको पहिलो दैनिक

राष्ट्रिय दैनिक



❐ वर्ष : २५ ❐ अंक : १४४ ❐ शनिवार, २३ फागुन, २०८२ ❐ Saturday, 7 Mar. 2026 ❐ नेपाल संवत ११४६ ❐ पृष्ठ : ४ ❐ मूल्य : रू. १०

कर्णालीका नौ जिल्ला नतिजा नजिक मुगुमा आजदेखि मतगणना हुँदै

७० मतदानस्थल मध्ये शुक्रबारसम्म ४३ स्थानका मात्र मतपेटिका मुख्य निर्वाचन अधिकृतको कार्यालयमा पुगेका छन्, भने शनिबार दुई स्थानका मतपेटिका सदरमुकाम आइपुग्ने छन् ।

❐ काँक्रेविहार संवाददाता

सुर्खेत, २२ फागुन

प्रतिनिधिसभा सदस्य निर्वाचन अन्तर्गत कर्णाली प्रदेशका १० वटै जिल्लामा शान्तिपूर्ण रूपमा मतदान सम्पन्नपछि धमाधम मतगणना कार्य जारी छ ।

सुर्खेत सहित कर्णालीका नौ जिल्लामा जारी मतगणनाको अन्तिम नतिजा आउने तरखरमा छ । तर मुगुमा भने आज शनिबारदेखि मतगणना हुने सुरु हुदैछ । मुगुमा हवाई सेवा माफृत मत पेटिका ढुवानीमा ढिलाई हुदाँ आजदेखि मतगणना सुरु गर्ने तयारी छ । भने डोल्पा र हुम्लामा शुक्रबारभित्रै हवाई सेवा मार्फत मत पेटिका ढुवानी कार्य सम्पन्न गरी मतगणना कार्य सुरु भएको छ ।

कर्णालीका बाँकी सुर्खेत, जुम्ला, दैलेख, कालिकोट, सल्यान, जाजरकोट र रुकुमपश्चिममा शुक्रबार बिहानैदेखि मतगणना कार्य जारी छ ।

मुख्य निर्वाचन अधिकृतको कार्यालय मुगुका सहायक मतदान अधिकृत प्रेमराज खनियाँका अनुसार मुगुम कार्मारोङ गाउँपालिकाका दोल्फु र मुगु मतदान केन्द्रबाहेक सोरू गाउँपालिका र खतेड क्षेत्रका अन्य सबै मतदान केन्द्रका मतपेटिका जिल्ला सदरमुकाम आइपुगेका छन् ।

निर्वाचन सम्पन्न भएसँगै सुरक्षाकर्मी र कर्मचारीको टोलीले मतपेटिका सुरक्षित रूपमा मुख्य निर्वाचन अधिकृतको कार्यालयमा ल्याउने कार्य तीव्र बनाएका छन् । दुर्गम तथा भौगोलिक कठिनाइका कारण मुगुम कार्मारोङका दोल्फु र मुगु केन्द्रका मतपेटिका भने केही ढिला पुग्ने जनाइएको छ । शनिबार दिउसोसम्म सबै मतपेटिका सदरमुकाम पुगेपछि आवश्यक प्रक्रिया पूरा गरी मतगणना सुरु गरिने सहायक मतदान अधिकृत खनियाँले जानकारी दिए ।

मुगु जिल्लामा यसपटकको निर्वाचन शान्तिपूर्ण र व्यवस्थित रूपमा सम्पन्न भएको जनाइएको छ । भौगोलिक विकटताका कारण मतपेटिका ढुवानीमा समय लागेको मुगुका प्रमुख जिल्ला अधिकारी खडानन्द खत्रीले जानकारी दिए । उनका अनुसार ७० मतदानस्थल मध्ये शुक्रबारसम्म ४३ स्थानका मात्र मतपेटिका मुख्य निर्वाचन अधिकृतको कार्यालयमा पुगेका छन्, भने शनिबार दुई स्थानका मतपेटिका सदरमुकाम आइपुग्ने छन् ।

सडक सञ्जालसँग नजोडिएका केही मतदानस्थलबाट जिल्ला सदरमुकाम हिँडेर आइपुग्न दुई दिन लाग्ने भएकाले मतगणनामा ढिलाइ हुने उनले बताए ।



मतपेटिका संकलनपछि गणना सुरु

उपल्लो डोल्पाका २३ वटैं मतदान केन्द्रबाट हेलिकोप्टरमार्फत मतपेटीका ढुवानी कार्य सम्पन्न भएको छ । तल्लो डोल्पामा पर्ने जगदुल्ला गाउँपालिकामा पर्ने ६ वटा मतदान केन्द्रको मतपेटिका शुक्रबार बिहानै गाडीबाट दुनै ल्याइएको थियो ।

भने त्रिपुरासुन्दरी, ठूलीभेरी नगरपालिका, काइके र मुड्केचुला गाउँपालिमा पर्ने ४१ ठाउँको मतपेटिका दुनैस्थित मुख्य निर्वाचन अधिकृको कार्यालयमा पुऱ्याइएको जिल्ला प्रहरी कार्यालय डोल्पाका सूचना अधिकारी टोपेन्द्र बुढामगरले जानकारी दिए । डोल्पामा स्थायी र अस्थायी गरेर ७० वटा मतदान केन्द्र तोकिएको थियो । भौगोलिक कठिनाइका कारण मतपेटिका ढुवानी गर्न ढिलाइ भएका कारण शुक्रबार रातीदेखि मतगणना सुरु गरिएको उनले बताए ।

उनका अनुसार डोल्पामा ६६.५२ प्रतिशत मत खसेको छ । प्रतिनिधी सभामा एउटा मात्र निर्वाचन क्षेत्र रहेको डोल्पामा जिल्लामा कुल २४ हजार ११५ मतदाता रहेका थिए । ती मध्य १६ हजार ४१ मत खसेको कार्यालयले जानकारी दिएको छ । कार्यालयका अनुसार सबै भन्दा बढी मतदाता संख्या रहेको त्रिपुरासुन्दरी नगरपालिकामा चार हजार ८३८ मत खसेको छ । यहाँ ६ हजार ८०५ मतदाता संख्या छ ।

त्यस्तै ठुली भेरीमा तीन हजार ६९३ मत खसेको छ । यहाँ पाँच हजार ४७५ मतदाता रहेका छन् । मुड्केचुला गाउँपालिकामा तीन हजार २८५ मध्ये दुई हजार ३२८ मत खसेको छ । डोल्पोबुद्धमा एक हजार २५३ मध्ये ७६१ मत खसेको छ । शे फोक्सुण्डोमा दुई हजार १३० मा एक हजार ६८ मत खसेको निर्वाचन कार्यालयले जानकारी दिएको छ ।

जगदुल्लामा एक हजार ७८४ मतदातामध्ये एक हजार १८२, काइकेमा दुई हजार ४०० मतदातामध्ये एक हजार ५८९ मत र छार्का ताडसोडमा ९८३ मतदातामध्ये ५८१ मत खसेको छ ।

यस्तो छ, खसेको मत संख्या

लोकतान्त्रिक अभ्यासको महत्वपूर्ण पर्व मानिने निर्वाचनमा कर्णालीका मतदाताले सहभागिता जनाउँदै आफ्नो मताधिकार प्रयोग गरेका छन् । प्रारम्भिक विवरणअनुसार यस पटक प्रदेशभर कुल ५५.१ प्रतिशत मत खसेको छ । जसमा कर्णाली प्रदेशका १० जिल्लामध्ये डोल्पामा सबैभन्दा बढी ६५.७३ प्रतिशत मत खसेको थियो । भने हुम्लामा ६४.५५ प्रतिशत, मुगुमा ६०.५, रुकुम पश्चिममा ५८.४४, जाजरकोटमा ५६.८४ र, जुम्लामा ५६.८८ प्रतिशत मत खसेको हो । सुर्खेत १ बाट ५७.०९ र निर्वाचन क्षेत्र २ बाट ५७.४६ प्रतिशत, दैलेख १ बाट ५०.५२ प्रतिशत र निर्वाचन क्षेत्र २ बाट ४८.२४, कालिकोटमा ५० प्रतिशत र सल्यानमा ४४.४० प्रतिशत मत खसेको तथ्यांकमा उल्लेख छ । बिहीबार भएको मतदानमा मुगुका कुल ६०.५६ प्रतिशत नागरिकले मतदाधिकार प्रयोग गरेका थिए मुगुमा ३६ हजार ६०५ मतादाता संख्या रहेकोमा कुल खसेको मत २२ हजार १६८ रहेको छ । कर्णालीका ९४१ मतदान स्थल र १ हजार ४३७ मतदान केन्द्रमार्फत मतदान सम्पन्न भएको हो । कर्णालीका कुल १० लाख ४८ हजार १३८ मतदातामध्ये ५ लाख ७७ हजार ५४२ जनाले मतदान गरेका थिए । यस निर्वाचनमा कर्णालीका १२ निर्वाचन क्षेत्रमा कुल १३२ जना उम्मेदवार चुनावी प्रतिस्पर्धामा छन् । लोकतन्त्रको प्रतिस्पर्धात्मक अभ्यासका रुपमा हेरिने निर्वाचन प्रक्रियामा मतदाताले आफ्नो विवेक प्रयोग गरेर प्रतिनिधि चयन गरीसकेका छन् । तर त्यसैको चुनावी अन्तिम परिणाम आउन बाँकी छ । मतदान सम्पन्न भइसकेपछि अब सबैको ध्यान मतगणना र अन्तिम परिणामतर्फ केन्द्रित छ ।

'मुलुकलाई भू र हवाई राजनीतिको चपेटाबाट जोगाउनुपर्छ'



❐ काँक्रेविहार संवाददाता

काठमाडौं, २२ फागुन

संविधानविद् भीमार्जुन आचार्यले अब बन्ने नयाँ सरकारले नेपाललाई भू-राजनीति र हवाई राजनीति दुवैको चपेटाबाट जोगाउनुपर्ने सुझाव दिएका छन् । जारी मतगणनाको पछिल्लो रुझानका बीच शुक्रबार सामाजिक सञ्जालमार्फत आफ्नो धारणा सार्वजनिक गर्दै उनले देशको स्वाधीनता रक्षा नै अहिलेको सबैभन्दा अहम् विषय भएको बताएका हुन् ।

आचार्यले नेपाली कांग्रेस, नेकपा एमाले र पूर्व माओवादीहरूको पतनको मुख्य कारण उनीहरूको अहंकार र फरक मतलाई कदर गर्न नसक्नु रहेको टिप्पणी गरेका छन् । पुराना दलहरूको शासनकालमा आफ्ना बाहेक अरूलाई मान्छे नै नगन्ने प्रवृत्तिले उनीहरूलाई यो अवस्थामा पुऱ्याएको उल्लेख गर्दै उनले नयाँ आउने शक्तिहरूले यसबाट शिक्षा लिनुपर्नेमा जोड दिएका छन् ।

आचार्यले वर्तमान चुनावी परिणामले वैकल्पिक शक्तिको रूपमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को पक्षमा भारी जनमत आउने निश्चित जस्तै देखिएको विश्लेषण गरेका छन् । हिजोको राज्यसत्ताको खराब स्वभाव र चरित्रका कारण नै जनताले रास्वपालाई रोजेको दाबी गर्दै उनले अब मुलुक र मतदाताले के पाउँछन् भन्ने कुरा सम्बन्धित दलकै व्यवहारमा निर्भर गर्ने स्पष्ट पारेका छन् ।

राज्यका सबै निकाय र संरचनामा पूर्ण सुधार (ओभरहल) को आवश्यकता औंल्याउँदै उनले २०१५ सालको पहिलो आम निर्वाचनमा प्राप्त दुई तिहाइको जनादेश दलको गलत व्यवहारकै कारण व्यवस्था अन्त्यको कारण बनेको इतिहास स्मरण गराएका छन् । उनले नयाँ बन्ने सरकारलाई विगतका गल्ती नदोहोऱ्याउन र देशको सार्वभौमिकता जोगाउन गम्भीर हुन चेतावनी समेत दिएका छन् ।

एमालेका अधिकांश पदाधिकारी मतगणनामा निकै पछि

❐ काँक्रेविहार संवाददाता

काठमाडौं, २२ फागुन

प्रतिनिधिसभा निर्वाचनको जारी मतपरिणाम अनुसार नेकपा एमालेका कोर टिम मानिने पदाधिकारीहरू विभिन्न निर्वाचन क्षेत्रमा पछि परेका छन् । निर्वाचन आयोगले दिएको पछिल्लो विवरण अनुसार १६५ निर्वाचन क्षेत्रमध्ये १२३ क्षेत्रको मतगणना जारी छ ।

एमालेले अध्यक्ष केपी शर्मा ओलीसहितका १० पदाधिकारीलाई प्रतिनिधि सभा चुनावमा उठाएको थियो ।

उपाध्यक्ष पृथ्वी सुब्बा गुरुङ र सचिव भानुभक्त ढकालबाहेक अध्यक्ष ओलीसहितका अन्य बाँकी पदाधिकारी निकै पछि परेका छन् ।

झापा ५ मा उम्मेदवार रहेका अध्यक्ष केपी शर्मा ओली रास्वपाका बालेन्द्र शाहसँग निकै पछि परेका छन् ।

यद्यपि, यो अन्तिम परिणाम भने होइन किनकि, सो क्षेत्रमा ६५ प्रतिशत मत खसेको छ ।

यस्तै, उपाध्यक्ष विष्णु पौडेल पनि रुपन्देही २ मा रास्वपाका सुलभ खरेलसँग धेरै मतले पछि परेको आयोगले जनाएको छ ।

उता, लमजुङबाट उठेका अर्का उपाध्यक्ष पृथ्वीसुब्बा गुरुङ भने सुरुवाती मतगणनामा चार सय मतले अघि छन् । उनले कांग्रेसका गमबहादुर गुरुङ भन्दा चारसय मतले अग्रता लिएका छन् ।

यसैगरी, अर्का उपाध्यक्ष गोकर्ण विष्ट पनि रास्वपाकै उम्मेदवारसँग पछि परेका छन् । एमालेले यसपटक उपाध्यक्षहरू रामबहादुर थापालाई समानुपातिक सूचिमा राखेको छ । रघुजी पन्त दुवैतर्फ उम्मेदवार थिएनन् ।

यसैगरी, महासचिव शंकर पोखरेल पनि दाङ क्षेत्र नम्बर २ मा रास्वपाका उम्मेदवारसँग पछि परेका छन् । एमालेका तीन जना उपमहासचिवमध्ये दुईजनालाई उम्मेदवार बनाएको थियो । योगेश भट्टराईलाई एमालेले टिकट दिएको थिएन् ।


धनुषा ४ मा उम्मेदवार रहेका उपमहासचिव रघुवीर महासेठ प्रारम्भिक मतगणनामा रास्वपाका राजकिशोर महतोसँग पछि परेका छन् । उनी तेस्रो स्थानमा छन् ।

यस्तै, अर्का उपमहासचिव लेखराज भट्टको कैलाली ४ मा मतगणना परिणाम आयोगले सार्वजनिक गरिसकेको छैन ।

एमाले उम्मेदवार बनाएका सचिवहरूमध्ये भक्तपुर क्षेत्र नम्बर २ मा महेश बस्नेत दोब्बर मतले रास्वपाका उम्मेदवारसँग पछि परेका छन् ।


यस्तै, अर्का सचिव राजन भट्टराई काठमाडौं क्षेत्र नम्बर ४ मा रास्वपाका पुकार बमसँग पछि परेका छन् । सो क्षेत्रमा उनी सो क्षेत्रमा तेस्रो स्थानमा छन् ।

यसैगरी भोजपुरबाट उम्मेदवार रहेका एमालेका अर्का सचिव शेरधन राई पनि श्रम संस्कृति पार्टीका उम्मेदवारसँग पछि परेका छन् ।तर, सचिव भानुभक्त ढकालले तेह्रथुममा अग्रता लिएका छन् । यही अग्रता कायम रहे ढकालले जित्न सक्ने सम्भावना देखिन्छ ।



निर्वाचनपछि नेपाललाई बधाई दिँदै चीनले भन्यो:

विकास र समृद्धिका लागि मिलेर काम गरौं



❐ काँक्रेविहार संवाददाता

काठमाडौं, २२ फागुन

नेपालमा सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनबारे उत्तरी छिमेकी चीनले प्रतिक्रिया दिएको छ ।

चिनियाँ विदेश मन्त्रालयकी प्रवक्ता माओ निङले शुक्रबार बेइजिङमा आयोजित नियमित पत्रकार सम्मेलनमा नेपालमा शान्तिपूर्ण र व्यवस्थित रूपमा निर्वाचन सम्पन्न भएकोमा बधाई दिएको बताइन् ।पत्रकार सम्मेलनमा चीनको सरकारी टेलिभिजन ङागन टीभीले नेपालको प्रतिनिधिसभा निर्वाचनबारे प्रतिक्रिया मागेको थियो ।

जवाफमा माओ निङले चीनले नेपाललाई निर्धारित समयअनुसार प्रतिनिधिसभा निर्वाचन सम्पन्न गरेकोमा बधाई दिएको बताइन् ।

नेपालले आफ्नो राजनीतिक प्रक्रिया सहज रूपमा अघि बढाएको देख्दा चीन खुसी भएको पनि उनले उल्लेख गरिन् ।

माओ निङले चीन र नेपाल परम्परागत रूपमा मैत्रीपूर्ण छिमेकी मुलुक रहेको बताउँदै दुवै देशले स्वतन्त्रता, सार्वभौमिकता र भौगोलिक अखण्डताको संरक्षणका प्रयासमा एकअर्कालाई समर्थन गर्दै आएका उल्लेख गरिन् ।

उनले नेपालसँग मिलेर विकास र समृद्धिका लागि 'दीर्घकालीन मित्रता'मा आधारित रणनीतिक सहकार्यलाई अझ अगाडि बढाउन चीन तयार रहेको पनि बताइन् ।

सम्पादकीय

चुनावी नतिजाको पर्खाइमा मतदाता

प्रतिनिधिसभा सदस्य निर्वाचन सम्पन्न भएसँगै देशभरका मतदाताको ध्यान अहिले मतगणनातर्फ केन्द्रित भएको छ । कर्णाली प्रदेशमा पनि मतदान प्रक्रिया शान्तिपूर्ण रूपमा सम्पन्न भएपछि अब मत परिणामको पर्खाइ सुरू भएको छ । लोकतन्त्रको महत्वपूर्ण अभ्यासका रूपमा रहेको निर्वाचनमा मतदाताले आफ्नो मतमार्फत व्यक्त गरेको जनमतको अन्तिम निर्णय मतगणनाबाट मात्रै स्पष्ट हुन्छ । यस पटक कर्णाली प्रदेशमा कुल ५५.१ प्रतिशत मतदान भएको तथ्यांक सार्वजनिक भएको छ । प्रदेशका १० जिल्लामा रहेका कुल ९४१ मतदान स्थल र एक हजार ४३७ मतदान केन्द्रमार्फत पाँच लाख ७७ हजारभन्दा बढी मत खसेको थियो । कुल १० लाख ४८ हजारभन्दा बढी मतदातामध्ये आधाभन्दा बढीले मताधिकार प्रयोग गर्नु लोकतान्त्रिक सहभागिताको सकारात्मक संकेत हो । तर अघिल्लो निर्वाचनको तुलनामा मत प्रतिशत केही घट्नु भने चिन्ताको विषय पनि हो । यसबारे राजनैतिक दल तथा उम्मेदवारहरू पनि चिन्तित बनेका छन् ।

कर्णाली प्रदेशमा जिल्लागत रूपमा हेर्दा डोल्पा, हुम्ला र मुगुजस्ता हिमाली जिल्लामा अपेक्षाकृत बढी मतदान भएको देखिन्छ । दुर्गम भौगोलिक अवस्था र कठिन पहुँचका बाबजुद ती जिल्लाका मतदाताले देखाएको उत्साह प्रशंसनीय छ । यसको विपरीत केही जिल्लामा भने मतदान प्रतिशत अपेक्षाकृत कम देखिनु मतदाता सहभागिताबारे थप सोच्नुपर्ने संकेत हो । जसमा डोल्पामा सबैभन्दा बढी ६५.७३ प्रतिशत मत खसेको थियो । भने हुम्लामा ६४.५५ प्रतिशत, मुगुमा ६०.५, रूकुम पश्चिममा ५८.४४, जाजरकोटमा ५६.८४ र, जुम्लामा ५६.८८ प्रतिशत मत खसेको हो । सुर्खेत १ बाट ५७.०९ र निर्वाचन क्षेत्र २ बाट ५७.४६ प्रतिशत, दैलेख १ बाट ५०.५२ प्रतिशत र निर्वाचन क्षेत्र २ बाट ४८.२४, कालिकोटमा ५० प्रतिशत र सल्यानमा ४४.४० प्रतिशत मत खसेको तथ्यांकमा उल्लेख छ । निर्वाचन कार्यालयका अनुसार सबै स्थानमा मतदान शान्तिपूर्ण रूपमा सम्पन्न भएको छ । दुर्गम जिल्लाहरूमा समेत सुरक्षा व्यवस्था मिलाइएपछि मतदाताले उत्साहका साथ मतदानमा सहभागिता जनाएका थिए । लोकतन्त्रको सुदृढीकरणका लागि मतदाता सहभागिता बढाउनु राज्य, राजनीतिक दल र नागरिक समाज सबैको साझा दायित्व हो । मतदान शान्तिपूर्ण रूपमा सम्पन्न हुनु अर्को महत्वपूर्ण पक्ष हो । सुरक्षा निकायको सक्रियता, निर्वाचन प्रशासनको तयारी र मतदाताको संयमका कारण कर्णालीका सबै जिल्लामा मतदान प्रक्रिया व्यवस्थित ढंगले सम्पन्न भएको छ ।

विशेषगरी दुर्गम क्षेत्रमा समेत मतपेटिका सुरक्षित रूपमा संकलन र ढुवानी गर्ने व्यवस्था मिलाइनु निर्वाचन व्यवस्थापनको सकारात्मक पक्ष हो । अब सबैको ध्यान मतगणनातर्फ केन्द्रित छ । कर्णालीका १२ प्रतिनिधिसभा निर्वाचन क्षेत्रमा १३२ जना उम्मेदवार चुनावी प्रतिस्पर्धामा छन् । कडा प्रतिस्पर्धाका कारण नतिजा कसको पक्षमा जाने हो भन्ने चासो मतदाता, राजनीतिक दल र आम नागरिक सबैमा छ । तर लोकतान्त्रिक अभ्यासमा सबैभन्दा महत्वपूर्ण कुरा परिणामभन्दा पनि प्रक्रियाको निष्पक्षता र पारदर्शिता हो । त्यसैले मतगणना प्रक्रिया पनि पूर्ण रूपमा निष्पक्ष, पारदर्शी र विश्वसनीय ढंगले सम्पन्न हुनु आवश्यक छ । निर्वाचन परिणाम जे आए पनि त्यसलाई लोकतान्त्रिक संस्कारअनुसार स्वीकार गर्ने राजनीतिक परिपक्वता दल र उम्मेदवारहरूमा देखिनु जरूरी छ । मतदाताको निर्णय नै अन्तिम निर्णय हो भन्ने मान्यतालाई सबैले सम्मान गर्नुपर्छ । लोकतन्त्रमा निर्वाचन केवल प्रतिनिधि छान्ने प्रक्रिया मात्र होइन, नागरिकको विश्वास र सहभागिताको आधार पनि हो । त्यसैले मत परिणामको प्रतीक्षामा रहेका मतदाताको अपेक्षा पनि एउटै छ । जो निर्वाचन निष्पक्ष होस्, मतको सही मूल्यांकन होस् र जनमतको सम्मान होस् भन्ने । कर्णालीको यो निर्वाचनले लोकतान्त्रिक संस्कारलाई अझ बलियो बनाउन मद्दत गरोस् ।

मतपेटिकाको सन्देशः

विरासतको विराम र विकल्पको खोजी



कृष्ण ढंगाना

> *रुपन्देहीदेखि झापासम्म र म्याग्दीदेखि मुस्ताङसम्मका प्रारम्भिक मतपरिणामहरूले एउटै कुराको उद्घोष गरिरहेका छन्– नेपाली मतदाता अब 'आस्था'को अधीन रहेनन्, उनीहरू 'परिणाम'को भोका भएका छन् ।*



नेपाली राजनीतिमा एउटा कालखण्ड थियो, जहाँ चुनावी मैदानका 'हेभिवेट'हरूको नाम सुन्नेबित्तिकै नतिजाको अड्कलबाजी गर्न सकिन्थ्यो । तर, यो आमनिर्वाचनले त्यो स्थापित भाष्यलाई मात्र भत्काइदिएको छैन, 'शक्तिशाली' भनिएकाहरूको पैतालामुनिको जमिन कतिसम्म खस्किएको रहेछ भन्ने ऐना पनि देखाइदिएको छ ।

रुपन्देहीदेखि झापासम्म र म्याग्दीदेखि मुस्ताङसम्मका प्रारम्भिक मतपरिणामहरूले एउटै कुराको उद्घोष गरिरहेका छन्- नेपाली मतदाता अब 'आस्था'को अधीन रहेनन्, उनीहरू 'परिणाम'को भोका भएका छन् ।

रुपन्देही-२ को दृश्य हेर्नौं । विकासका पर्याय मानिने एमालेका उपाध्यक्ष एवं प्रभावशाली नेता विष्णु पौडेल अहिले रास्वपाका सुलभ खरेलभन्दा झण्डै चार गुणा मतले पछाडि छन् । १३ हजार ८ सय ६९ मत भर्सेस ३ हजार १ सय ३३ मत । यो अंकगणित मात्र होइन, यो दशकौंदेखि जरा गाडेर बसेको एउटा दलीय विरासतमाथि मतदाताले गरेको निर्मम 'सर्जिकल स्ट्राइक' हो । जब मतदाताले उपेक्षित र आफ्ना एजेन्डा ओझेलमा परेको महसुस गर्छन्, तब उनीहरू 'साइज' नहेरी 'साहस' हेर्छन् । सुलभ खरेलको अग्रता त्यही साहसको प्रतिबिम्ब हो ।

झापा-५ मा पनि उस्तै परकम्प छ । यो क्षेत्र एमाले अध्यक्ष केपी शर्मा ओलीको 'अभेद्य किल्ला' मानिन्थ्यो । तर, उनलाई रास्वपाका बालेनले पछाडि पारिरहेका छन् । ५ हजार भर्सेस १ हजारको यो अन्तरले के स्पष्ट पार्छ भने मतदाता अब पुराना नेतृत्वको ' वाकचातुर्य'मा मात्रै अल्झिन तयार छैनन् । उनीहरूलाई ठोस काम र नयाँ अनुहारको हुटहुटी छ । बालेनको उम्मेदवारी र प्राप्त मतले परम्परागत पार्टीका कार्यकर्ताहरूलाई एउटै सन्देश दिएको छ– 'अबको राजनीति भाषणले होइन, भिजन र डेलिभरीले चल्नेछ ।'

काठमाडौं र बाहिरका अन्य क्षेत्रहरूमा पनि राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले जसरी अरु पार्टीलाई बढार्ने छाँट देखाएको छ, यसले नेपाली कांग्रेस र नेकपा एमाले जस्ता पुराना खम्बाहरूलाई आत्मसमीक्षाको मौका दिएको छ । काठमाडौं-९ मा डीपी अर्यालको एकतर्फी दौड होस् वा मोरङ-६ मा शेखर कोइराला जस्ता हस्ती रुविना आचार्यसँग ५ गुणा मतले पछाडि परेको घटना होस्– यी नतिजा सामान्य होइनन् । रुविनाको अग्रताले कोइराला खानदानको विरासतलाई मात्र चुनौती दिएको छैन, राजनीतिमा युवा सहभागिता र सामाजिक सेवाको महत्वलाई पनि पुनः स्थापित गरेको छ ।

यद्यपि, पुराना शक्तिहरू पूरै 'आउट' भइसकेका भने होइनन् । मुस्ताङमा ३२ वर्षीय योगेश गौचनको विजय पिताको विरासत मात्र होइन, युवा पुस्ताप्रतिको भरोसा पनि हो । तर, भक्तपुरमा महेश बस्नेत र रुपन्देहीमा विष्णु पौडेल जस्ता 'सङ्गठनका खम्बा'हरूले रास्वपाका राजीव खत्री र सुलभ खरेलसँग खानु परेको ठक्करले एउटा डरलाग्दो प्रश्न खडा गरेको छ– के पार्टी सङ्गठन अब केवल कागजमा मात्र सीमित भएको हो?

भोटको यो सुनामीमा 'नेपाली कम्युनिस्ट पार्टी' का संयोजक प्रचण्डले रुकुमपूर्वमा लिएको अग्रता एउटा अपवाद जस्तो देखिन्छ ।

तर, उनलाई पछ्याइरहेका लीलामणि गौतमहरूको मतले पनि के देखाउँछ भने कम्युनिस्ट आन्दोलनभित्रको आन्तरिक कलह र पटक-पटकको समीकरण फेरबदलबाट मतदाता वाक्क छन् । मतदाताले यसपटक 'विचार' भन्दा बढी 'व्यक्ति' र 'विकल्प' लाई रोजेका छन् ।

काठमाडौं-५ मा ईश्वर पोखरेल तेस्रो स्थानमा खुम्चिनु र सस्मित पोखरेलले प्रदीप पौडेललाई समेत उछिन्नुले रास्वपाको लहर 'हल्ला' मात्र नभएर एउटा 'आँधी' रहेको पुष्टि गरेको छ । ४१ हजार बढी मत खसेको म्याग्दीमा महावीर पुन जस्ता स्वतन्त्र उम्मेदवारले धौलागिरिको उचाइबाट लिएको अग्रताले त झन् राजनीतिलाई 'सेवा र विज्ञान' सँग जोड्न खोज्नेहरूको जितलाई संकेत गर्छ ।

नेपाली राजनीतिका 'हेभिवेट'हरूले आफूलाई र आफ्नो दललाई जुन 'स्थायी शक्ति' सम्झिएका थिए, त्यसलाई आजको मतपेटिकाले भ्रम साबित गरिदिएको छ ।

यो निर्वाचनको प्रारम्भिक रुझानले नेपाली राजनीतिमा सत्ताको फेरबदल मात्र होइन, एउटा गहिरो दार्शनिक उथलपुथलको पनि सङ्केत गरेको छ । इतिहासकार युवल नोहा हरारीले 'ट्वान्टी वान लेसन फर द ट्वान्टी फर्ट सेन्चुरी' पुस्तकमा भनेझैं, 'मानव इतिहासमा कुनै पनि कुरा स्थायी छैन, चाहे त्यो शक्तिशाली साम्राज्य होस् वा दशकौंदेखि जरा गाडेको राजनीतिक विचारधारा ।' हरारीका अनुसार हामीले जसलाई 'अपरिवर्तनीय' सत्य मान्छौं, ती केवल हाम्रो कल्पनाले सिर्जना गरेका फिक्सन हुन् ।

विष्णु पौडेलको बुटवल 'होम ग्राउन्ड' होस् वा शेखर कोइरालाको विराटनगर 'विरासत'– यी सबै आज हरारीले भनेझैं 'अनित्य' साबित भएका छन् ।

यो निर्वाचनले एउटा कुरा प्रष्ट पारेको छ– राजनीतिमा न कसैको 'गढ' स्थायी हुन्छ, न कसैको 'विरासत' । हरारीको दर्शनले सिकाएझैं, हिजोका दिनमा विशाल मानिएका वृक्षहरू आज ढलिरहेका छन् र नयाँ बिरुवाहरू अङ्कुराउँदै छन् । जब एउटा कथाले काम गर्न छोड्छ, मानव समाजले तत्कालै अर्को कथा (नयाँ विकल्प) को खोजी गर्न थाल्छ ।

यदि पुराना दलहरूले हरारीको यो 'अनित्यको सिद्धान्त' लाई बुझेर आफूलाई रुपान्तरण गरेनन् भने, उनीहरूको अस्तित्व केवल म्युजियमको एउटा कुनामा सीमित हुनेछ । एमाले, कांग्रेस र नेकपाले यो गहिरो सत्यलाई कति चाँडो आत्मसात् गर्छन्, त्यसैमा उनीहरूको आगामी यात्रा निर्भर रहनेछ । तर, मतपेटिकाबाट निस्किएको यो रापले एउटा कुरा भने पक्का गरेको छ– अब नेपालको राजनीतिमा 'पुरानो स्थिरता' को अन्त्य भएको छ र एउटा 'अनिश्चित तर गतिशील' नयाँ युगको सुरुवात भएको छ ।

जीवनशैली

आफ्नो पार्टनरसँगको प्रेमबाट टाढिँदै गएको देखाउने ५ संकेत

हरेकको प्रेम सम्बन्ध सधैं टिक्छ भन्ने हुँदैन । कुनै न कुनै बहानामा कुनै समयमा सम्बन्ध टुट्न सक्छ । तर, कहिलेकाहीं सबैभन्दा पीडादायी बिछोड ती हुन्छन्, जहाँ एक पार्टनर बिस्तारै अर्को पार्टनरसँगको प्रेमबाट टाढिँदै जान्छ । सम्बन्ध सुरु हुँदै गर्दा कसैले पनि त्यो बिग्रन्छ भन्ने सोचेका हुँदैनन् । तर, समय क्रममा उनीहरू बिस्तारै एकअर्कासँग टाढिन सक्छन् ।

अथवा भनौं, पहिलेको जस्तो आत्मीयता गुमाउँन सक्छन् । सम्बन्धलाई नजिकबाट नियाल्ने हो भने त्यो परिवर्तन केही हदसम्म थाहा पाउन सकिन्छौं । भनौं, आफ्नो पार्टनरबाट आफू टाढिँदै गरिरहेको संकेत पाउन सकिन्छ ।

१.तपाईं उनीहरूसँग समाचार वा कुराहरू शेयर गर्नुहुन्न

कुनै पनि समाचार चाहे त्यो राम्रो होस् वा नराम्रो, सुनाउनका लागि तपाईंको पार्टनर तपाईंले सबैभन्दा पहिले कल गर्न चाहने व्यक्ति हुनुपर्छ । यदि तपाईंले चिन्ताजनक वा उत्साहजनक दुवै परिस्थितिमा आफ्नो पार्टनरबाट सान्त्वना वा समर्थन पाउन सक्नुहुन्न भने उनीहरू तपाईंका लागि सही व्यक्ति नहुन सक्छन् ।

उदाहरणका लागि, मानौं तपाईंले जागिर पाउनु भो वा बढुवा हुनुभो । के तपाईं आफ्नो पार्टनरलाई तुरुन्तै फोन गरेर यो कुरा सुनाउन चाहनुहुन्छ ? वा उनीहरू उत्साहित नहोलान् वा तपाईंलाई निरुत्साहित गर्लान् भन्ने चिन्ता लाग्छ ? यी आफैंलाई सोध्नुपर्ने महत्त्वपूर्ण प्रश्नहरू हुन् ।

२.आत्मीयताको अभाव

यहाँ आत्मीयताका धेरै रूपहरू हुन्छन् भन्ने कुरा बुझ्नु जरुरी छ । यौन सम्बन्ध मात्र सम्बन्धको आधार होइन । धेरै राम्रा सम्बन्धहरूमा पनि कहिलेकाहीं यस्तो दूरी आउन सक्छ । यसको मतलब तपाईं प्रेमबाट टाढिनुभयो भन्ने मात्र हुँदैन ।

यद्यपि यदि तपाईंको सम्बन्धमा कुनै पनि प्रकारको आत्मीयता छैन । जस्तै, हात समात्ने, गहिरा कुराकानी गर्ने, अँगालो हाल्ने वा तपाईं उनीहरूको नजिक हुनबाट डराउनुहुन्छ वा हिचकिचाउनुहुन्छ भने तपाईंको भावना कम हुँदै गएको हुन सक्छ ।

यस्तो अवस्थामा कहाँनेर दूरी बढिरहेको छ भनेर कुराकानी गर्नु आवश्यक हुन्छ । सायद कसैको मनमा गुनासो वा आक्रोश गुम्सिएको हुन सक्छ अथवा तपाईंहरू दुवैले एक-अर्कालाई महत्त्व दिन छोड् नुभएको हुन सक्छ ।

३.सम्बन्धमा हुँदाहुँदै पनि वियोगको महसुस

यदि तपाईं आफ्नो पार्टनरसँग सम्बन्धमा रहँदा नै यो टुट्ने डरले वा यसको अन्त्यको कल्पना गरेर मनमै रुँदै हुनुहुन्छ भने तपाईं उनीहरू प्रतिको भावना गुमाउँदै हुनुहुन्छ । सायद तपाईंको एउटा पाटो अझै पनि उनीहरूको पुरानो स्वरूप वा तपाईंहरू बीचको पुरानो प्रेममा अडिएको हुन सक्छ । यो निकै गाह्रो हुन्छ । तर, यसले प्रायः दूरीको संकेत गर्छ ।

४.प्रेम भन्दा बढी झर्को लाग्ने

पार्टनरहरूले एकअर्कालाई कहिलेकाहीं रिस उठाउनु सामान्य कुरा हो । तर, यदि उनीहरूका साना कुराले पनि तपाईंलाई सधैं रिस उठाउँछ वा उनीहरूको बारेमा सोच्दा मात्रै पनि तपाईंलाई क्रोध आउँछ भने तपाईंको मनमा ठूलो असन्तुष्टि हुन सक्छ । यो सम्बन्धमा सबैभन्दा खतरनाक कुरो हो ।

त्यस्तै यदि पार्टनरलाई हेर्दा तपाईंलाई रिस वा झर्को मात्र लाग्छ भने तपाईंले उनीहरूका ती राम्रा गुणहरू देख्न छोड्नुहुनेछ । यसले सम्बन्ध अन्त्यको संकेत गर्छ ।

५.खुसीका उपायहरू खोज्न छोड्नु

प्रेम साना कुराहरूमा झल्किन्छ । जस्तोः बिहानको कफी, घरमा पकाएको खाना, अचानक दिइने उपहार वा फूल...।यीक्रियाहुन्।तरप्रेमयिनैमा हुन्छ ।

तर, जब तपाईं आफ्ना पार्टनरका लागि यी साना कुराहरू गर्ने जाँगर चलाउनुहुन्न, उनीहरूलाई खुसी पार्न कुनै चासो राख्नुहुन्न भने त्यो तपाईं प्रेमबाट टाढिँदै गइरहनु भएको भन्ने संकेत हो । यस्तो अवस्थामा दुवैले एकअर्कासँग खुलेर कुरा गर्नुको विकल्प हुन्न ।

विश्व

अमेरिकी सेनालाई इरानमा पठाउनु समयको बर्बादी: ट्रम्प



अहिले इरानमा अमेरिकी स्थल सेना पठाउने कुनै योजना नरहेको अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले बताएका छन् । यस्तो कदम 'समयको बर्बादी' हुने उनले बताएका छन् । एनबीसी न्यूजसँग बिहीबार गरेको अन्तर्वार्तामा ट्रम्पले भने, 'अहिले त्यहाँ सेना पठाउनु समयको बर्बादी हो । उनीहरूले सबै कुरा गुमाइसकेका छन् । उनीहरूले आफ्नो नौसेना गुमाइसके, गुमाउन बाँकी केही छैन ।'

यसअघि इरानका विदेशमन्त्री अब्बास अराघचीले इरान अमेरिका वा इजरायलको सम्भावित स्थल आक्रमणका लागि तयार रहेको बताएका थिए ।

ट्रम्पले भने अराघचीको त्यो टिप्पणीलाई बेवास्ता गर्न लायक भएको बताए । ट्रम्पले इरानको वर्तमान नेतृत्व संरचना परिवर्तन गर्नुपर्ने पनि बताएका छन् । उनले भने, 'हामी अहिलेको नेतृत्व संरचना सफा गर्न चाहन्छौं । इरानलाई राम्रो नेता चाहिन्छ। मेरो दिमागमा केही मानिस छन् जो राम्रो काम गर्न सक्छन् ।' उनले भने ।

तर कसलाई सम्भावित नयाँ नेतृत्वका रूपमा सोचिरहेका छन् भन्ने कुरा चाहिँ उनले खुलाएनन् । इरान युद्धमा ती मानिसहरू बाचुन् भन्ने सुनिश्चित गर्न कदम चालिरहेको पनि उनले बताए । 'हामी उनीहरूलाई हेरिरहेका छौं, हो,' उनले भने । बिहीबार एक्सियोसँगको अर्को अन्तर्वार्तामा ट्रम्पले इरानको नयाँ सर्वोच्च नेताको नियुक्तिमा संलग्न हुनुपर्ने बताएका थिए ।

२०६४ को चुनावपछि निरन्तर संसदमा प्रचण्ड

काँक्रेविहार संवाददाता
काठमाडौं, २२ फागुन

जनआन्दोलन २०६२/६३ पछि भएका सबै चुनावमा संसदमा सहभागी एक्ला पार्टी प्रमुख प्रचण्ड भएका छन् । उनका सत्तासाझेदार दलका धेरै पार्टी प्रमुख बाटोमा छुटे । तर, उनी निरन्तर संसदमा छन् ।

उनले गठबन्धन फेरे । चुनाव क्षेत्र फेरे । तर, संसदमा हुने आगमनमा चाहिँ चुकेनन् । २०६४ सालको संविधानसभामा रोल्पा र काठमाडौंबाट विजय भएका थिए भने २०७० सालको दोस्रो संविधानसभाको चुनावमा उनी काठमाडौं र सर्लाहीबाट चुनाव लडेका थिए । काठमाडौं- १० मा पराजित हुँदा उनी सर्लाहीबाट विजयी भएका थिए ।

यस्तै, २०७४ सालमा चितवन तथा २०७९ सालमा गोरखा पुगेर प्रचण्ड विजयी भएका थिए । उनी अहिलेको चुनावमा रुकुम पूर्वबाट उठेर चुनाव जितेका छन् । २०८२ सालको प्रतिनिधिसभाको चुनावमा विजय हुने पहिलो पार्टी प्रमुख पनि प्रचण्ड नै भएका छन् ।

यसअगाडिको सबैभन्दा ठूलो दल नेपाली कांग्रेसका सभापति गगन थापा र दोस्रो ठूलो दल नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले चुनावमा पछि परिरहँदा प्रचण्ड भने सबैभन्दा पहिले चुनाव जित्ने नेता भएका छन् । यद्यपि, यसको औपचारिक घोषणा हुन भने बाँकी छ ।

राप्रपामा 'राजा क्रेज'ले गरेन काम, अध्यक्ष लिङ्देन नै डेन्जर जोनमा

काँक्रेविहार संवाददाता
काठमाडौं, २२ फागुन

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले यो चुनावमा निकै अपेक्षा गरेको थियो । सडकमा राजसंस्थाप्रति बढेको क्रेज र पुराना दलहरू कांग्रेस, एमाले र नेपाली कम्युनिस्ट पार्टी (नेकपा)प्रति बढ्दो असन्तुष्टिले राप्रपा उत्साहित देखिएको थियो । त्यही उत्साहका कारण एमालेले झापासहित केही क्षेत्रमा तालमेल गर्न प्रयास गर्दा राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देनले सहमति जनाएका थिएनन् ।

तर, प्रारम्भिक मतपरिणामले राप्रपालाई धक्का लागेको देखिन्छ । राप्रपाले जितका लागि अपेक्षा गरेका केही क्षेत्रको जनमत कमजोर देखिएको छ ।

जित निश्चितजस्तै ठानिएको काठमाडौं- १ मा राप्रपा उम्मेदवार रवीन्द्र मिश्र तेस्रो भए । निकै कमजोर मतसहित तेस्रो भएका मिश्रको यो तेस्रोपटकको हार हो । उनी यसअघि कांग्रेसका प्रकाशमान सिंहसँग १२४ मतले पराजित भएका थिए । अहिले मिश्रको भन्दा चार गुणा बढी मत ल्याएर रास्वपाकी रञ्जु दर्शनाले जित हासिल गरेकी छन् ।

त्यसैगरी, राप्रपाले अपेक्षा गरेको अर्को क्षेत्र झापा- ३ थियो । यस निर्वाचन क्षेत्रबाट राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देनले जित निकाल्ने अनुमान गरिएको थियो । तर, त्यो क्षेत्रमा लिङ्देनलाई रास्वपाले टक्कर दिइरहेको छ । रास्वपाका प्रकाश पाठकले दोब्बरले अघि



लागिररहेका छन् ।

यी दुई क्षेत्रबाहेक राप्रपाले काठमाडौं- २ मा पनि अपेक्षा भने गरेको थियो । राप्रपा नेतृ कुन्ति पोखरेलको प्रभाव क्षेत्र रहेको क्षेत्रमा राप्रपाकै प्रदेश सांसद रास्वपा प्रवेश गरेर टिकट लिएपछि धक्का लागेको थियो ।

अहिले राप्रपाका लागि जुम्लाबाट ज्ञानबहादुर शाहीले भने खुसी सञ्चार गरिरहेका छन् ।

राप्रपाले रुपन्देही, कपिलवस्तुबाट पनि केही अपेक्ष भने गरेको थियो । तर, राजाको क्रेज राप्रपाको मतमा प्रकट नभएको देखिन्छ । राप्रपाको जनमत काठमाडौंबाहेक झापा, चितवन, रुपन्देही र कपिलवस्तुसहित तराईका केही जिल्लामा हो । तर, ती कुनै पनि क्षेत्रमा राप्रपाले अपेक्षित मत ल्याएको छैन ।

अघिल्लो संसदमा राप्रपा १४ सिटसहित संसदको पाँचौ दल बनेको थियो । योपटक राष्ट्रिय पार्टी बन्नकै लागि संघर्ष गरिरहेको छ ।

रास्वपाको लहरले कांग्रेसलाई धक्का-

सभापति र महामन्त्रीसहित शीर्ष नेताहरू नै हार्ने जोखिममा





काँक्रेविहार संवाददाता
काठमाडौं, २२ फागुन

नेपाली कांग्रेसका सभापति गगन थापासहित कांग्रेसका शीर्ष नेताहरू पछि परेका छन् । देशभर रास्वपाको लहर आउँदा कांग्रेस सभापति थापा, महामन्त्रीद्वयसहित शीर्ष नेताहरू पछि परेका हुन् ।

पछिल्लो मतपरिणाम अनुसार सर्लाही ४ मा कांग्रेस सभापति थापाले १ हजार ७१४ मत ल्याएका छन् । त्यहाँ रास्वपाका अमरेश कुमार सिंहले २ हजार ८४७ मत ल्याएर अगाडि छन् । कांग्रेसका महामन्त्रीद्वय प्रदीप पौडेल र गुरुराज घिमिरे पनि हारतर्फ उन्मुख छन् । ललितपुर १ मा कांग्रेस सहमहामन्त्री उदय शम्शेर राणा अगाडि छन् । राणाले ५ हजार ४ मत ल्याउँदा रास्वपाका बुद्ध रत्न महर्जन ३ हजार २४३ मत ल्याएर पछ्याइरहेका छन् ।

यो समाचार तयार पर्दासम्म कांग्रेस अहिलेसम्म ९ स्थानमा अगाडि छ भने रास्वपा १०५ क्षत्रेमा अगाडि छ ।

सिन्धुपाल्चोक-२ मा वंशलाल तामाङ, मनाङमा टेक बहादुर गुरुङ, पाल्पा २ मा हिमाल दत्त श्रेष्ठ, कपिलवस्तु- ३ मा अभिषेक प्रताप शाह, प्युठान-१ मा डा. गोविन्दराज पोखरेल, सुर्खेत-१ मा विष्णुबहादुर खड्का, दैलेख-१ मा बासना थापा, जाजरकोटमा खडकबहादुर बुढाले अग्रता लिएका छन् ।

कांग्रेसका उम्मेदवार योगेश गौचन थकालीले मुस्ताङमा एक सीट जितेका छन् ।

कांग्रेसका हाइप्रोफाइल नेताहरू यसपटक चुनाव हार्नेतर्फ अघि बढेका छन् । सभापति थापासहित मोरङ ६ मा डा शेखर कोइराला पनि हार्ने निश्चित भइसकेको छ । कोइराला ३ हजार १५५ मत ल्याउँदा रास्वपाकी रास्वपाकी रुबिना आचार्यले १३ हजार ४०१ मत ल्याएकी छन् ।

नवलपरासी पश्चिम-१ मा कांग्रेस केन्द्रीय सदस्य विनोद चौधरी पनि पछि परेका छन् । राष्ट्रिय स्वतन्त्र पार्टीका विक्रम खनालले ३ हजार २८० मत ल्याउँदा चौधरीले १ हजार ४२० मत पाएका छन् ।

काठमाडौं ५ मा महामन्त्री प्रदीप पौडेल हार्ने पक्का भइसकेको छ । रास्वपाका सस्मित पोखरेलले १३ हजार ७०८ मत ल्याउँदा पौडेलले ४ हजार २१९ मत मात्रै पाएका छन् ।

अर्का महामन्त्री गुरु घिमिरे पनि मोरङ ४ मा हार्ने पक्का भइसकेको छ । रास्वपाका सन्तोष राजवंशीले १४ हजार ७५८ मत ल्याउँदा घिमिरे ४ हजार २२८ मत ल्याएर तेस्रो स्थानमा छन् ।

यहीबाहेक कांग्रेसका चर्चित नेताहरू मिनेन्द्र रिजाल, सुनिल शर्मा, विमलेन्द्र निधि, विजय गच्छादार, चन्द्र भण्डारी पनि पछाडि परेका छन् । तत्कालीन सभापति शेरबहादुर देउवाको नेतृत्वमा चुनाव जान नसक्ने भन्दै गगनले पार्टीभित्र विद्रोह गरेर आफैं नेतृत्वमा आउँदा समेत अपेक्षित नतिजा ल्याउन सकेन ।

विशेष महाधिवेशनबाट नेतृत्व परिवर्तन गरेपछि देउवासहित उनीनिकट शीर्ष नेताहरू चुनावको पक्षमा खुलेनन् । देउवाको गृहजिल्ला लडेल्धुरामा समेत रास्वपा अगाडि छ । त्यहाँ कांग्रेसले नैनसिंह महरलाई उम्मेदवार बनाएको छ । आफू नेतृत्वबाट बर्हिमन भएपछि देउवा चुनाव छल्नकै लागि सिंगापुर गएका छन् । देउवा दम्पत्ति भोट हाल्न समेत फर्किनन् ।

विशेष महाधिवेशनबाट आएको नयाँ नेतृत्वले अबकी बार सय पारको नारा अघि सारेको थियो । अपेक्षित मत परिणाम नआएपछि जनताको फैसला स्वीकार्नुको विकल्प नभएको उपसभापति विश्वप्रकाश शर्माले बताएका छन् । रास्वपाको यो परिणाम अप्रत्याशित नभएको उनको भनाइ छ ।

उनले भनेका छन्, 'बुलेबाट उदाएको माओवादीलाई स्वागतको संयम दोहोऱ्याउँदै ब्यालेटबाट आउँदै गरेको रास्वपालाई स्वागत । ०७९ मै प्रस्तुत सङ्केतका दृष्टिले यो अप्रत्याशित होइन । चर्को आशा अर्को निराशामा बदलिनु हुन्न, देशको मूल प्रश्नमा साथ र खबरदारी दुवै रहनेछ ।'

कोशीमा रास्वपालाई हर्क साम्पाङको अवरोध, ६ निर्वाचन क्षेत्रमा अग्रता



काँक्रेविहार संवाददाता
काठमाडौं, २२ फागुन

हर्क साम्पाङ नेतृत्वको श्रम संस्कृति पार्टीले कोशीका पहाडी क्षेत्रमा उत्साहजनक नतिजा ल्याएको छ ।

प्रारम्भिक गणना अनुसार ६ वटा निर्वाचन क्षेत्रमा यो पार्टीले अग्रता लिएको छ । खोटाङ, उदयपुर-२, भोजपुर, पाँचथर, धनकुटा र इलाम-२ मा यो पार्टीका उम्मेदवारले अग्रता लिएका छन् । भोजपुरमा पूर्वमुख्यमन्त्री एवं एमालेका केन्द्रीय सचिव शेरधन राईलाई पछि पार्दै श्रम संस्कृति पार्टीका ध्रुवराज राईले अग्रता लिएका छन् । ध्रुबले ४६७ मत पाएर अग्रता लिदा शेरधनले ४६० मत पाएका छन् । तेस्रोमा कांग्रेसका बालकृष्ण थापा छन् । उनले ३७० मत पाउँदा रास्वपाका रमेशप्रसाद ओझाले २७१ र नेपाली कम्युनिष्ट पार्टीका अजम्बर काङमाङले १८७ मत पाएका छन् । धनकुटामा एमालेकै राजेन्द्र राईलाई पछि पार्दै श्रम संस्कृतिका सानबहादुर राईले अग्रता कायम राखेका छन् । सानबहादुरले ३ हजार २३७ मत पाउँदा पूर्वमन्त्री राजेन्द्रले २ हजार ३९९ मत पाएका छन् । कांग्रेसका दिनेश राईले १,८२५ मत पाएका छन् भने रास्वपाका दिनेश भण्डारीले ३०६ मत पाएका छन् । उदयपुर-२ मा पनि श्रम संस्कृतिका बलराज राईले अग्रता लिएका छन् । बलराजले ५२९ मत सहित अग्रता लिदा नेकपाका सुरेशकुमार राईले ३८०, एमालेका अजम्बरबहादुर रायमाझीले ३७९, रास्वपाका सुर्यबहादुर तामाङले २७९ र

बाँकी पृष्ठ ४

ठाँटीकाँध गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,
लकान्द्र, दैलेख
कर्णाली प्रदेश नेपाल

जनहितमा जारी सन्देश !

- योजना निर्माण गर्दा दिगोपना, गुणस्तर र पारदर्शीतालाई ध्यानमा राखी योजना निर्माण गरौं ।
- मालपोत, घरजग्गा कर आदि समयमै तिरौं, नागरिकको दायित्व पूरा गरी गौरव गरौं र जरिवानाबाट बचौ ।
- खोप लगाउने उमेरका बालबालिकालाई निर्धारित अवधिभित्रै खोपको मात्रा पूरा गराऔं ।
- चट्याङ र आगलागीका कारण हुन सक्ने क्षतिबाट आफू पनि बचौ र अरूलाई पनि बचाऔं ।
- सडक तथा सार्वजनिक जग्गाको अतिक्रमण नगरौ, हुन पनि नदिऔं ।
- सधैंभरी घर, आँगन र सडक सफा राखौं, कुरिती र कुसंस्कारलाई जरैदेखि फ्याँकौ, सभ्य र असल नागरिक बनौं र बनाऔं ।
- आगलागी हुने प्रज्वलनशील पदार्थहरू, बारुदजन्य पदार्थ बालबालिकाको पहुँचमा नराखौं, रूख रोपौं, वन जोगाऔं ।
- आगलागी हुन नदिऔं, भएमा तुरुन्त आफू र आफ्नो समुदाय, नजिकको प्रहरी वा नगरपालिकाको सहयो गमा कार्य गरौं ।
- घरको संरचना बलियो बनाऔं, हावाहुरी चल्न थालेपछि झ्यालढोका बन्द गरौं ।
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाँधौं, छतको गमला सुरक्षित रुपमा राखौं ।
- हावाहुरी चलेमा भागदौड नगरौं, विस्तारै सुरक्षित स्थानमा जाऔं, हावाहुरी चलेको बेला सवारी नचलाऔं ।
- आवश्यक बाहेक बाहिर नहिडौं, मास्क लगाएर हिडौं, पानी प्रशस्त पिऔं निरोगी बनौं।
- जन्म, मृत्यु, विवाह, बसाइँसराइजस्ता व्यक्तिगत घटना समयमै दर्ता गरौं ।
- सामाजिक सुरक्षा भत्ता पाउनु पर्नेले लिन नछुटौं, नपाउनेले लिइरहेको भए बन्द गराऔं ।

सहयोगको लागि हजुरहरू सबैलाई धेरै धेरै धन्यवाद !

वीरेन्द्रनगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय,
वीरेन्द्रनगर, सुर्खेत
कर्णाली प्रदेश नेपाल

जनहितमा जारी सन्देश !

- योजना निर्माण गर्दा दिगोपना, गुणस्तर र पारदर्शीतालाई ध्यानमा राखी योजना निर्माण गरौं ।
- मालपोत, घरजग्गा कर आदि समयमै तिरौं, नागरिकको दायित्व पूरा गरी गौरव गरौं र जरिवानाबाट बचौ ।
- खोप लगाउने उमेरका बालबालिकालाई निर्धारित अवधिभित्रै खोपको मात्रा पूरा गराऔं ।
- चट्याङ र आगलागीका कारण हुन सक्ने क्षतिबाट आफू पनि बचौ र अरूलाई पनि बचाऔं ।
- सडक तथा सार्वजनिक जग्गाको अतिक्रमण नगरौ, हुन पनि नदिऔं ।
- सधैंभरी घर, आँगन र सडक सफा राखौं, कुरिती र कुसंस्कारलाई जरैदेखि फ्याँकौ, सभ्य र असल नागरिक बनौं र बनाऔं ।
- आगलागी हुने प्रज्वलनशील पदार्थहरू, बारुदजन्य पदार्थ बालबालिकाको पहुँचमा नराखौं, रूख रोपौं, वन जोगाऔं ।
- आगलागी हुन नदिऔं, भएमा तुरुन्त आफू र आफ्नो समुदाय, नजिकको प्रहरी वा नगरपालिकाको सहयो गमा कार्य गरौं ।
- घरको संरचना बलियो बनाऔं, हावाहुरी चल्न थालेपछि झ्यालढोका बन्द गरौं ।
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाँधौं, छतको गमला सुरक्षित रुपमा राखौं ।
- हावाहुरी चलेमा भागदौड नगरौं, विस्तारै सुरक्षित स्थानमा जाऔं, हावाहुरी चलेको बेला सवारी नचलाऔं ।
- आवश्यक बाहेक बाहिर नहिडौं, मास्क लगाएर हिडौं, पानी प्रशस्त पिऔं निरोगी बनौं।
- जन्म, मृत्यु, विवाह, बसाइँसराइजस्ता व्यक्तिगत घटना समयमै दर्ता गरौं ।
- सामाजिक सुरक्षा भत्ता पाउनु पर्नेले लिन नछुटौं, नपाउनेले लिइरहेको भए बन्द गराऔं ।

सहयोगको लागि हजुरहरू सबैलाई धेरै धेरै धन्यवाद !

'सत्तालाई हायलकायल बनाउँछौं'

काँक्रेविहार संवाददाता
काठमाडौं, २२ फागुन

श्रम संस्कृति पार्टीका अध्यक्ष हर्कराज राईले अब सत्तालाई हायलकायल बनाउने बताएका छन् । सुनसरी- १ को उम्मेदवारसमेत रहेका उनले केही बेरअघि सञ्चारकर्मीसँग मतगणनास्थलबाट संक्षिप्त प्रतिक्रिया दिँदै आफ्नो दलको जिम्मेवारी अझै बढेको बताए ।

उनले सके सत्तामा जाने र नसके जनताको फैसला स्वीकार्ने बताएका छन् । 'जनताको मतको सम्मान गर्नुपर्छ । झगडा गरेर, धाँधली गरेर हुँदैन,' राईले भने 'हामी लोकतन्त्रलाई सम्मान गर्छौं । सत्तामा हुँदा पनि र नहुँदा पनि श्रम अभियान अगाडि बढाउँछौं ।'

प्रतिनिधि सभा निर्वाचनः
तीन वटा पार्टीले खाता खोल्दा एमाले अहिलेसम्म शून्य

काँक्रेविहार संवाददाता
काठमाडौं, २२ फागुन

प्रतिनिधि सभा निर्वाचन अन्तर्गत जारी मत गणनामा पाँच वटा निर्वाचन क्षेत्रको अन्तिम परिणाम घोषणा भएको छ ।

नतिजा घोषणा भएका ६ क्षेत्रमध्ये राष्ट्रिय स्वतन्त्र पार्टीले तीन वटा, नेपाली कांग्रेसले दुई वटा र नेपाली कम्युनिस्ट पार्टीले एउटा क्षेत्रमा जित हासिल गरेका छन् । अहिलेसम्म तीन वटा पार्टीले जित निकाल्दा प्रमुख राजनीतिक दल नेकपा एमालेले भने खाता खोल्न सकेको छैन ।

रास्वपाले काठमाडौं-६, काठमाडौं-८ र काठमाडौं-१



मा जित हासिल गरेको हो । यी निर्वाचन क्षेत्रमा रास्वपाका उम्मेदवारहरू क्रमशः शिशिर खनाल, विराजभक्त श्रेष्ठ र रन्जु न्यौपाने निर्वाचित भएका हुन् ।

यस्तै, नेपाली कांग्रेसले मुस्ताङ र मनाङमा जित हासिल गरेको छ । मुस्ताङमा कांग्रेसका योगेश गौचन थकाली र मनाङमा टेकबहादुर गुरुङ निर्वाचित भएका हुन् । नेपाली कम्युनिस्ट पार्टीबाट भने पुष्पकमल दाहाल 'प्रचण्ड' रुकुम पूर्वबाट निर्वाचित भएका छन् ।

रास्वपाको घण्टी बज्दा अधिकांश मधेशवादी नेता 'रेडजोन'मा

काँक्रेविहार संवाददाता
काठमाडौं, २२ फागुन

लामो समयदेखि आफूलाई तराई-मधेशबासीको ठेकेदारका रुपमा चिताउँदै आएका विभिन्न दलका नेताहरू फागुन २१ को प्रतिनिधिसभा सदस्य निर्वाचनमा पराजित हुने दिशामा पुगेका छन् ।

प्रारम्भिक मतगणनाअनुसार जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादव, राष्ट्रिय मुक्ति पार्टीका नेता राजेन्द्र महतो, आम नता पार्टीका प्रभु साह लगायतका धेरै मधेशवादी नेता पराजित हुने देखिएको हो ।



प्रारम्भिक मतगणनाअनुसार सर्लाही २ का उम्मेदवार राष्ट्रिय मुक्ति पार्टीका अध्यक्ष राजेन्द्र महतो प्रतिस्पर्धाको तेस्रो स्थानमा छन् । मतगणनाअनुसार रास्वपाका रविन महतोले ४ हजार ४०६ मत ल्याउँदा तेस्रो स्थानका राजेन्द्र महतोले जम्मा ५६८ मत मात्रै ल्याएका छन् ।

सप्तरी ३ मा उम्मेदवार जनता समाजवादी पार्टीका अध्यक्ष यादव पनि चुनावी प्रतिस्पर्धामा पछाडि देखिएका छन् ।

प्रारम्भिक मतगणनामा उक्त क्षेत्रमा रास्वपाका अमरकान्त चौधरीले १ हजार २०४ मत ल्याउँदा यादवले ९७८ मत ल्यार पछ्याइरहेका छन् । माओवादी राजनीति छाडेर आफैं मधेशको आधारलाई टेक्दै पार्टी निर्माण गरेका प्रभु साह पनि यसपटकको निर्वाचनमा पछाडि परेका छन् । रौतहट ४ का उम्मेदवार साह प्रारम्भिक मतगणनाअनुसार पाँचौं स्थानमा छन् ।

जनता समाजवादी पार्टीका गोविन्द चौधरीले १८५ मत ल्याउँदा पाँचौं स्थानमा रहेका साहले जम्मा २६ मत मात्रै ल्याएका छन् । उता तराई मधेश लोकतान्त्रि पार्टी हुँदै जसपामा मिसिएका महन्थ ठाकुर भने राष्ट्रिय सभामा गएर आफ्नो अस्तित्व जोगाउन सफल भएका छन् । त्यस्तै, पछिल्लो समयमा मधेशवादी राजनीतिबाट केन्द्रीय राजनीतिमा पकड जमाउँदै आएका हृदयश त्रिपाठी पनि पछाडि पर्ने देखिएको छ । पश्चिम नवलपरासी १ का उम्मेदवार त्रिपाठी प्रारम्भिक मतगणनामा चौथो स्थानमा छन् ।

जनमत पार्टीका अध्यक्ष डा. सीके राउत उम्मेदवार रहेको सप्तरी २ मा शुक्रबार अबेरसम्म मतगणना सुरुवात भएको छैन । तर, उनीसम्बद्ध पार्टीका अधिकांश उम्मेदवार जितको दौडबाट परै छन् । यसका साथै, मधेशवादी राजनीतिमा लामो समयदेखि पकड जमाउँदै आएका अन्य धेरै नेता पनि यसपटको निर्वाचनमा जित दौडबाट बाहिर रहेको प्रारम्भिक मतगणनाको नतिजाले देखाएको छ ।

सातौं दिन पनि इरानमा अमेरिका-इजरायलको प्रहारः २० जनाको मृत्यु, ३० घाइते

काँक्रेविहार संवाददाता
काठमाडौं, २२ फागुन

अमेरिका-इजरायलले सातौं दिन शुक्रबार पनि इरानविरुद्ध आक्रमण जारी राखेका छन् ।

इरानी सञ्चारमाध्यमका अनुसार उनीहरूले आज इरानको सिराज सहरमा हमला गरेका छन् ।

उक्त आक्रमणमा २० जनाको मृत्यु भएको छ भने ३० जना घाइते भएका छन् ।

इरानी अधिकारीहरूका अनुसार आक्रमण सहरको जिबासरस्थित आवासीय क्षेत्रमा गरिएको थियो ।

हमलामा धेरैजसो सर्वसाधारण र दुई चिकित्सा कर्मचारीको मृत्यु भएको बताइएको छ ।

यसैबिच इरानी सेनाले लोरेस्तान क्षेत्रमा अमेरिकी एमक्यू-नाइन ड्रोन र इजरायली हर्मेस-९०० ड्रोनलाई गोली हानेर खसालेको छ.

इजरायल र अमेरिकाले सुरुमा गत फेब्रुअरी २८ मा संयुक्त सैन्य हमला गरी इरानका सर्वोच्च नेता आयातोल्लाह अली खामेनीसहित शीर्ष नेता तथा अधिकारी मारेयता तीन देशबिच युद्ध जारी छ ।

हमलाको जवाफमा इरानले पनि इजरायल र अमेरिकी अड्डा रहेका खाडी मुलुकहरूमा क्षेप्यास्त्र/ड्रोन प्रहार जारी राखेको छ ।

यसैबिच अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानी सेनालाई आत्मसमर्पण गर्न आह्वान गर्दै अन्यथा मृत्युका लागि तयार रहन चेतावनी दिएका छन् ।

इजरायल-अमेरिका-इरान युद्धका प्रमुख अपडेट

- इरानमा १,३३२ जना मारिए ।
- खामेनीका छोरालाई उत्तराधिकारी मान्न ट्रम्पद्वारा अस्वीकार ।
- हालसम्म इरानमा १४ चिकित्सा केन्द्रहरूलाई लक्ष्य गरी १,३०० आक्रमण ।
- इरानका धेरै स्थानमा पानी र बिजुली आपूर्ति बन्द ।
- इजरायलद्वारा ३०० इरानी मिसाइल लन्चर नष्ट ।
- इरानको आक्रमणमा कुवेत, बहराइन र यूएईमा रहेका २० अमेरिकी आधार क्षतिग्रस्त ।

कोशीमा...

कांग्रेसका रामकुमार राईले २४४ मत पाएका छन् । पाँचथरमा श्रम संस्कृतिका हस्तराज शेर्मालेे ६५६ मत सहित अग्रता लिएका छन् भने कांग्रेसका नरेन्द्र केरुङले ४६२, एमालेका अइन्द्र सुन्दर नेम्वाङले ३६४ मत पाएका छन् । नेकपाका हर्कबहादुर नेम्वाङले २०८ र रास्वपाका महेन्द्र थाम्सुहाङले ९० मत पाएका छन् । इलाम-२ मा पनि श्रम संस्कृतिकै उम्मेदवारको अग्रता छ । यो पार्टीका सुदीप राईले १५०४ मत सहित अग्रता लिदा एमालेका सुहाङ नेम्वाङले १३६० मत सहित पछ्याइरहेका छन् । कांग्रेसका भेषराज आचार्यले ७३३ र रास्वपाका गोकुलबहादुर राईले ४२० मत पाएका छन् । हर्कको गृह जिल्ला खोटाङमा पनि उनका उम्मेदवार आरेन राईले अग्रता लिएका छन् । आरेनले ४०५ मत सहित अग्रता लिदा कांग्रेसका वीरकाजी राईले ३२६, नेकपाका हरी रोकाले ११९ र एमालेका देवविक्रम राईले १०६ मत पाएका छन् । रास्वपाका रुद्र गिरीले १२२ मत मात्र पाएका छन् । यद्यपि प्रारम्भिक मत गणनामा स्वयं अध्यक्ष हर्क भने पछाडि परेका छन् । रास्वपाका गोमा तामाङले १ हजार १५ मत सहित अग्रता लिदा हर्कले ३०३, कांग्रेसका सुजेन्द्र तामाङले २३३, राप्रपाका उद्धव श्रेष्ठले १६२, नेकपाका सुर्य भट्टराईले ९२ र एमालेका टीका लिम्बुले ६१ मत पाएका छन् ।

वनगाड कुपिण्डे नगरपालिका
नगर कार्यपालिकाको कार्यालय,
देवस्थल, सल्यान
कर्णाली प्रदेश नेपाल

जनहितमा जारी सन्देश !

- योजना निर्माण गर्दा दिगोपना, गुणस्तर र पारदर्शीतालाई ध्यानमा राखी योजना निर्माण गरौं ।
- मालपोत, घरजग्गा कर आदि समयमै तिरौं, नागरिकको दायित्व पूरा गरी गौरव गरौं र जरिवानाबाट बचौ ।
- खोप लगाउने उमेरका बालबालिकालाई निर्धारित अवधिभित्रै खोपको मात्रा पूरा गराऔं ।
- चट्याङ र आगलागीका कारण हुन सक्ने क्षतिबाट आफू पनि बचौ र अरूलाई पनि बचाऔं ।
- सडक तथा सार्वजनिक जग्गाको अतिक्रमण नगरौ, हुन पनि नदिऔं ।
- सधैंभरी घर, आँगन र सडक सफा राखौं, कुरिती र कुसंस्कारलाई जरैदेखि फ्याँकौ, सभ्य र असल नागरिक बनौं र बनाऔं ।
- आगलागी हुने प्रज्वलनशील पदार्थहरू, बारुदजन्य पदार्थ बालबालिकाको पहुँचमा नराखौं, रूख रोपौं, वन जोगाऔं ।
- आगलागी हुन नदिऔं, भएमा तुरुन्त आफू र आफ्नो समुदाय, नजिकको प्रहरी वा नगरपालिकाको सहयोगमा कार्य गरौं ।
- घरको संरचना बलियो बनाऔं, हावाहुरी चल्न थालेपछि झ्यालढोका बन्द गरौं ।
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाँधौं, छतको गमला सुरक्षित रुपमा राखौं ।
- हावाहुरी चलेमा भागदौड नगरौं, विस्तारै सुरक्षित स्थानमा जाऔं, हावाहुरी चलेको बेला सवारी नचलाऔं ।
- आवश्यक बाहेक बाहिर नहिडौं, मास्क लगाएर हिडौं, पानी प्रशस्त पिऔं निरोगी बनौं।
- जन्म, मृत्यु, विवाह, बसाइँसराइजस्ता व्यक्तिगत घटना समयमै दर्ता गरौं ।
- सामाजिक सुरक्षा भत्ता पाउनु पर्नेले लिन नछुटौं, नपाउनेले लिइरहेको भए बन्द गराऔं ।

सहयोगको लागि हजुरहरू सबैलाई धेरै धेरै धन्यवाद !

सामाजिक विकास मन्त्रालय
स्वास्थ्य सेवा महाशाखा
कर्णाली प्रदेश, सुर्खेत

अनिश्चितता र अशान्तिको समयमा आफैंलाई सहयोग गर्ने तरिका

किशोरकिशोरीका लागि

यस्तो समयमा आफ्ना भावना बुझौं

आपतकाल र अस्थिरताले धेरै गाह्रा भावना ल्याउन सक्छ । तिम्रो वरिपरि भइरहेका कुराहरूले गर्दा तिमी तनावित र भारी महशुस गर्न सक्छौ । तिमी आफैलाई चोट लागेको हुन सक्छ वा तिमीले साथीहरूलाई नोक्सान पुगेको देखेको अथवा सुनेको हुन सक्छौ । यस्तो समयमा तीव्र भावना अनुभव गर्नु सामान्य हो ।

तिमीले निम्न भावनाहरू महसुस गर्न सक्छौः

- डर
- रस
- शोक
- उदासी
- अरूको लागि गहिरो चिन्ता
- अपराधबोध वा लाज
- सामान्य भन्दा बढी जोखिम लिन खोज्नु
- आक्रामकता
- अर्थ र उद्देश्य हराएको महसुश गर्नु
- निराशा

भावना भनेको हामीलाई अवस्था बुझ्न र प्रतिक्रिया दिन सहयोग गर्ने संकेतहरू हुन् । उदाहरणका लागि, डरले सुरक्षामा रहन संकेत गर्छ, र शोकले बिर्सन र निको हुन मद्दत गर्छ । धेरै जसो अवस्थामा यस्ता भावनाहरू समयसँगै घट्छन् ।

सहयोग खोज्नुस्

यदि तपाईंलाई लगातार चिन्ता, पीडा वा असहज भावना आइरहेको छ भने कसैसँग कुरा गर्नुहोस् । तपाईले तल दिइएका नम्बरहरूमा कल गर्न सक्नुहुन्छ ।

-१६६०-०१०-२००५-टीपीओ मानसिक-सामाजिक सहायता हेल्पलाइन (बिहान ९ बजेदेखि बेलुका ५ बजेसम्म), एनटिसी नेटवर्कका लागि निःशुल्क
- १०९८- बाल सहायता हेल्पलाइन (बिहान ९ बजेदेखि बेलुका ५ बजेसम्म)
-९८५१३५२१४२- ड्युटीमा रहेका चिकित्सक, कान्ती बाल अस्पताल (बिहान ९ बजेदेखि बेलुका ५ बजेसम्म)
- ९७६५३५५४०० - कान्ती बाल अस्पताल रिसेप्शन (बिहान १० बजेदेखि दिउँसो २ बजेसम्म)



काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, सम्पादक : सुशीलराज शर्मा, कार्यालयः वीरेन्द्रनगर-४, सुर्खेत, फोनः ०८३-५२२१७३/९८५८०५०५०५/९८५१३४४७५४ web : kankrebihar.com, Email : ekankrebihardaily@gmail.com मुद्रणः मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)